सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा–५ (३) र नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको ।

# स्वतः प्रकाशन

# Pro-active Disclosure

## २०७७ माघ देखि चैत्र मसान्त सम्म




## जिल्ला प्रशासन कार्यालय, इलामबाट सम्पादित प्रमुख क्रियाकलापहरुको त्रैमासिक विवरण



**प्रमुख जिल्ला अधिकारी**

**श्री ध्रुब बहादुर खड्का**

**सम्पर्क नं.  :–  ९८५२६०७७७७**



**सूचना अधिकारी**

**श्री झरेन्द्र प्रसाद चापागाई**

**सम्पर्क नं.  :–  ९८५२६८५१९९**

## १.इलाम जिल्लाको सामान्य परिचयः

नेपालको सुदूरपूर्वको मध्य पहाडी भू–भागमा अवस्थित इलाम जिल्ला प्राकृतिक र भौगोलिक रुपले अत्यन्त रमणीय छ । बिशेष गरी इलाम जिल्लालाई ७ 'अ' (अदुवा, अलैंची, आलु, अम्लिसो, ओलन, अकबरेखोर्सानी, अर्थोडक्स चिया) ले चिनिन्छ । इलाम जिल्लाको नामाकरण लिम्बु भाषाबाट भएको मानिन्छ। लिम्बु भाषामा 'इ' भनेको 'घुमाउरो' र 'लाम' भनेको 'बाटो' (इलाम) अथवा घुमाउरो बाटो भन्ने बुझिन्छ । त्यसैगरी इलाम नामाकरणमा लाप्चा भाषाको 'इलोम' (पुत्का उडेको वा बसेको ठाउँ) बाट उत्पत्ति भएको अर्को जनमानसमा मत रहेको छ। यसरी हेर्दा यस जिल्लाको नाम दुवै भाषाबाट उपयुक्त रहेको छ ।

**इलाम जिल्लाको भौगोलिक स्थितिः**

यस जिल्लाको पूर्वतर्फ भारतको दार्जिलिङ्ग, पश्चिम तर्फ मोरङ्ग र पाँचथर जिल्ला, दक्षिण तर्फ झापा जिल्ला र उत्तर तर्फ पाँचथर जिल्लाहरु पर्दछन् । यो जिल्ला १७०३ वर्ग किलोमिटर ९१७१७५ हे. क्षेत्रफलमा फैलिएको छ । यस जिल्लाको अक्षांश २६.४०० देखि २७.८०० उत्तरसम्म र देशान्तर ८७.४०० देखि ८८.१०० पूर्वसम्म फैलिएको छ । यस जिल्लामा हालसम्म ४ नगरपालिका, ६ वटा गाउँपालिकाका र ८१ वडाहरु रहेका छन् । यस जिल्लाको सदरमुकाम इलाम समुन्द्री सतहबाट १२९८ मिटरको उचाईमा अवस्थित रहेको छ।

**हावापानीः**

समशितोष्ण जलवायु भएको यस जिल्लाको औषत अधिकतम तापक्रम उचाई अनुसार ३१ डिग्री से. र न्यूनतम तापक्रम ० डिग्री से. सम्म पुग्दछ । धैरैजसो कुहिरो र हुस्सुले ढाकिने यो जिल्लामा बर्षा याममा बढी पानी पर्दछ । पर्यटकीय दृष्टिकोणले इलाम भ्रमणका निम्ति बसन्त ऋतु र शरद ऋतु उत्तम मानिन्छ ।

**जनसंख्याः ९२०६८ सालको गणनाअनुसार**

| | |
|---|---|
| पुरुषः १४११२६ ९४८.६२ प्रतिशत | महिलाः १४९१२८ ९५१.३८ प्रतिशत |
| कूल जनसंख्याः २९०२५४ | जनघनत्वः १.७० |
| लैङ्गिक अनुपातः ९४.६ | जनसंख्या बृद्धिदरः १.६४ |

**जाति, धर्म, भाषा तथा मौलिक संस्कृतिः**

यस जिल्लामा ब्राह्मण, क्षेत्री, लिम्बु, राई, गुरुङ्ग, तामाङ्ग आदिको मुख्य बसोबास रहेको छ भने धर्म मान्ने जनसंख्याको आधारमा हिन्दु– ४४.४९५, किरात– ३५.६१५, बौद्ध– १५.२९५, क्रिश्चियन– २.५०५, प्राकृत– १.३४५, इस्लाम– ०.०८५ र अन्य– ०.७०५ रहेको देखिन्छ छ । यसरी नै यहाँका बासिन्दाहरुले मुख्य रुपमा नेपाली, लिम्बु, राई, मगर, गुरुङ्ग आदि प्रमुख भाषाहरु बोल्ने गरेको पाइन्छ भने साँस्कृतिक रुपमा मौलिक नाचहरु र जात्रा पर्वहरुमा धान नाच, च्याब्रुङ्ग नाच, डम्फू नाच, मारुनी नाच, संगिनी नाच, बालन नाच, दमाई नाच, लेप्चा नाच, रोपाईँ जात्रा, गाई जात्रा, भजन किर्तन आदि पर्दछन् ।

## २.कार्यालयको स्वरुप र प्रकृति

स्थानीय प्रशासन ऐन, २०२८ ले जिल्ला प्रशासन कार्यालयको काम कर्तव्य र अधिकारलाई व्यवस्थित गरेको छ । जस अनुसार जिल्लामा शान्ति, सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउधन र स्वतन्त्रताको संरक्षण गर्नु यसको प्रमुख कार्य हो । जिल्लामा विकास निर्माणका कार्यहरुमा उपयुक्त वातावरण निर्माण गर्न समन्वय र सहजीकरण, विपद् व्यवस्थापन, आपूर्ति व्यवस्थापन, सेवा प्रवाहको अनुगमन, प्रचलित कानूनमा तोकिए बमोजिमका विषयहरुमा न्याय निरुपण, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण जस्ता कार्यहरुको सम्पादन गरी जिल्लामा सुशासनको प्रत्याभूतिका लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

नेपालको वर्तमान संरचना अनुसार संघीय सरकारको प्रतिनिधी संस्थाको रुपमा प्रमुख जिल्ला अधिकारीले जिल्लाको प्रमुख प्रशासकीय अधिकारीको भूमिका निर्वाह गर्ने जिम्मेवारी कानूनद्धारा निर्देश गरिएको हुन्छ । जिल्लाको समग्र सुरक्षा निकायलाई एकिकृत र समन्वयात्मक रुपमा संचालन गर्न जिल्ला प्रशासन कार्यालय र जिल्ला स्थित नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल नेपाल र राष्ट्रिय अनुसन्धान विभागका जिल्ला स्थित निकायहरु क्रियाशील रहेका छन् ।

## ३.जिल्ला प्रशासन कार्यालय, इलामबाट सम्पादन गरिने प्रमुख कार्यहरु

- शान्ति सुरक्षा सम्बन्धी कार्यहरु
- जिल्ला स्थित कार्यालयहरुसँग समन्वय एवं अनुगमन
- नेपाली नागरिकताको प्रमाण पत्र र प्रतिलिपी नागरिकता प्रमाण पत्र जारी गर्ने

- राहदानी सिफारिस तथा वितरण कार्य
- नाबालक परिचय )पत्र जारी गर्ने तथा प्रतिलिपी दिने कार्य
- राष्ट्रिय परिचय-पत्रको लागि विवरण दर्ता गर्ने कार्य
- हातहतियार इजाजत तथा नविकरण सम्बन्धी कार्य
- संस्था, छापाखाना, पत्रपत्रिका दर्ता, नविकरण र विधान संशोधन, शाखा विस्तार गर्ने स्वीकृति सम्वन्धि कार्य
- नाम, थर, उमेर फरक परेको सम्बन्धी सिफारिस
- बजार अनुगमन सम्बन्धी कार्य
- सार्वजनिक स्थानमा अवाञ्छनीय क्रियाकलापहरुको रोकथाम, सार्वजनिक अपराध, अवैध मदिरा आदिको नियन्त्रण
- विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन सम्बन्धी
- मु-आब्जा निर्धारण तथा वितरण सम्बन्धी कार्य
- नेपाल सरकार र प्रदेश सरकारबाट तोकिए बमोजिमका अन्य कार्यहरु
- अन्य कुनै कार्यालयको कार्यक्षेत्रमा नपरेका प्रचलित कानूनले निर्देश गरेका नेपाल सरकारका अन्य कार्यहरु ।

## ४. जिल्ला प्रशासन कार्यालय, इलामको स्वीकृत दरबन्दी विवरण

| क्र.सं. | पद | श्रेणी र तह | दरवन्दी अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | दरवन्दी संख्या | दरवन्दी पदपूर्ति | रिक्त दरवन्दी | |
| १ | प्र.जि.अ. | रा.प.प्रथम | १ | १ | ० | |
| २ | स.प्र.जि.अ. | रा.प. द्रितीय | १ | १ | ० | |
| ३ | प्रशासकीय अधिकृत | रा.प.तृतीय | २ | २ | ० | |
| ४ | ना.सु. | रा.प.अनं.प्रथम | ७ | ७ | ० | |
| ५ | लेखापाल | रा.प.अनं.प्रथम | १ | १ | ० | |
| ६ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | २ | २ | ० | १ करार |
| ७ | खरिदार | रा.प.अनं.द्रितीय | ४ | ४ | ० | |
| ८ | ह.स.चा. | श्रेणी विहिन | २ | २ | ० | |
| ९ | का.स. | श्रेणी विहिन | ७ | ७ | ० | |
| जम्मा | | | २७ | २७ | ० | |

## ५. यस कार्यालयबाट प्रदान गरिने सेवा/कार्यबिवरण

**स्थानीय प्रशासन सम्बन्धी कार्य**

- नाम, थर, उमेर आदि प्रमाणित
- नाबालक परिचय पत्र सम्बन्धि
- पेन्सन र रहलपहल सम्बन्धि सिफारिस
- शान्ति, सुरक्षा र सुब्यवस्था कायम गर्ने, गराउने
- चिठ्ठा जुवा आदिको नियन्त्रण गर्ने
- सार्वजनिक स्थानमा अवान्छनीय ब्यबहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण, लागु औषध नियन्त्रण तथा अबैध घरेलु मदिरा नियन्त्रण
- बिदेशी नागरिकहरुको जिल्लामा उपस्थिति र गतिबिधिको नियमन
- जिल्लास्तरमा सार्वजनिक उत्सब सन्चालन तथा ब्यबस्थापन,
- हिश्रक जन्तु मार्ने
- दव्न्द प्रभावितहरुको पहिचान र राहत बितरण
- आदिवासी, जनजाती, दलित, अपाङ्गता लगायत प्रमाणित
- पत्रपत्रिका तथा छापाखाना दर्ता गर्ने
- राजमार्ग सुरक्षा तथा अवरोध ब्यवस्थापन
- नाता र पारिवारिक विवरण प्रमाणित

- सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नको लागि बजार अनुगमन तथा नियमन,
- सरकारी र सार्वजनिक सम्पत्तिको संरक्षण
- मुआब्जा र क्षतिपुर्ति निर्धारण र बितरण
- सरकारी सवारी साधन नियमन
- सेफ हाउस दर्ता र नियमन

**संस्था दर्ता तथा नविकरण सम्बन्धी**

- संस्था दर्ता र नविकरण,
- संस्थाको विधान संशोधन,
- शाखा बिस्तार स्वीकृति

**विपद् व्यवस्थापन सम्बन्धी**

- जिल्ला विपद् व्यवस्थापन समितिको बैठक संचालन तथा व्यवस्थापन
- जिल्ला विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धि कार्ययोजना निर्माण र कार्यन्वयन
- बिपद् क्षतिको विवरण संकलन
- विपद्बाट पीडित भएकाहरुलाई क्षतिपूर्ति एवं राहत वितरण तथा पूनस्थापना

**नागरिकता सम्बन्धी सेवाहरु**

- वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण–पत्र वितरण
- बैबाहिक अंगिकृत नागरिकताको प्रमाण–पत्र वितरण
- नागरिकताको प्रमाण–पत्रको प्रतिलिपि वितरण
- नागरिकताको अभिलेख कम्प्यूटरमा प्रविष्ट गर्ने
- नागरिकताको अनुसूची र ढड्डा स्क्यान गरी अपलोड गर्ने
- अन्य जिल्लाबाट माग भएका नागरिकता सम्बन्धी अभिलेख प्रमाणित गरी पठाउने
- नाम थर जन्ममिति संशोधन गरिदिने
- पतिको नाम, थर र वतन हटाई माइती तर्फको वा दोस्रो पतिको नाम, थर र वतन कायम गरी प्रतिलिपि नागरिकता बितरण।

**राहदानी सम्बन्धी**

- राहदानी फाराम संकलन
- द्रुत राहदानी अभिलेख प्रमाणित
- राहदानी वितरण
- MRP को विवरण संशोधन सिफारिश

**मुद्दा तथा उजुरी र गुनासो सम्बन्धी**

- मुलुकी अपराध सहिता २०७४ तथा अन्य बिषयगत ऐन अनुसार प्रापत अधिकार बमोजिक मुद्दा दर्ता, बयान, थुनछेक, बकपत्र, म्याद तामेली, फैसला लेखन तथा कार्यान्वयन लगायत मुद्धा सम्वन्धी सम्पूर्ण कार्यहरु।
- ठाडो उजुरी दर्ता तथा सो उपर कारवाही।

**हातहतियार इजाजत तथा नविकरण सम्वन्धी कार्य**

- हातहतियार इजाजत, नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण
- बिष्पोटक पदार्थ सिफारिश र नियमन
- बिष्पोटक पदार्थ प्रयोग गर्ने इजाजत वितरण तथा नवीकरण

**सुशासन सम्वन्धी कार्य**

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट लेखिआए अनुसार तथा अन्य निकायबाट प्राप्त उजुरी उपर प्रारम्भिक छानविन
- भ्रष्ट्राचार नियन्त्रणका लागि समन्वय र सहजीकरण
- सरकारी र सार्वजनिक निकायहरुको अनुगमन तथा निरीक्षण
- स्थानीय तहहरुसंग समन्वय र सहजीकरण
- उपभोक्ता हित संरक्षण र प्रबर्द्दन
- बिकास निर्माण कार्यको अनुगमन, समन्वय र सहजीकरण
- सूचनाको हक कार्यान्वयन
- सार्वजनिक सुनुवाई

## ६. सेवा प्रवाह गर्ने शाखा, जिम्मेवारी र जिम्मेवार कर्मचारी

**कोठा नं. १**

❖ प्रमुख जिल्ला अधिकारी कक्ष– सम्पर्क नम्वर–९८५२६०७७७७

- जिल्लाको शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउधनको संरक्षण, विपद् व्यवस्थापन, सुशासन पवर्द्धन, सेवा प्रवाहमा समन्वय र अनुगमन, कानूनले निर्देश गरेका महत्वपूर्ण प्रशासनीक एवं न्यायिक निर्णय गर्ने।

**कोठा नं. २**

❖ सहायक प्रमुख जिल्ला अधिकारी कक्ष –सम्पर्क नं. ९८५२६८५१९९

- कार्यालयको दैनिक प्रशासनिक कार्य, नागरिकता, राहदानी लगायतका पेश भएका कागजहरु सदर गर्ने, जिल्लाको शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउधनको संरक्षण, विपद् व्यवस्थापन कार्ययोजना, जिल्ला सुरक्षा कार्ययोजना, चाडपर्व लक्षित सुरक्षा योजना तयार गर्ने र अनुगमन तथा प्रतिवेदन सम्वन्धी कार्य।
- प्रमुख जिल्ला अधिकारीबाट अधिकार प्रत्यायोजन वा निर्देश भए बमोजिमका अन्य कार्यहरु।

**कोठा नं. ३ र ५**

❖ स्थानीय प्रशासन शाखा

- विभिन्न सिफारिस, संस्था दर्ता, नविकरण, नाबालक परिचय–पत्र लगायतका सम्पूर्ण प्रशासनीक कार्य सम्पादन हुने।
- मासिक, त्रैमासिश र बार्षिक प्रगति विवरण सम्बन्धीत निकायमा पठाउने।
- ➢ जिम्मेवार अधिकारीहरु
  - प्र.जि.अ. श्री ध्रुब बहादुर खड्का – ९८५२६०७७७७
  - स.प्र.जि.अ. श्री झरेन्द्र प्रसाद चापागाई – ९८५२६८५१९९
  - प्र.अ. श्री देवी चरण फुएँल – ९८५२६८१८६०
  - प्र.अ. श्री हरि कुमार थापा – ९८४२६३५७३४
  - ना.सु. श्री प्रमोद गुरागाई – ९८५२६५५६९६
  - ख. श्री कोविस घिमिरे – ९८४४६२६३६५

**कोठा नं. ४**

- आर्थिक प्रशासन शाखा लेखा सम्वन्धि सम्पुर्ण कार्य गर्ने।
- ➢ जिम्मेवार अधिकारीहरु
  - प्र.जि.अ. श्री ध्रुब बहादुर खड्का
  - लेखापाल श्री महेन्द्र चौहान – ९८५२६९११४७

**कोठा नं. ६**

- नागरिकता शाखा नयाँ नागरिकता, प्रतिलिपि नागरिकता जारी गर्ने।
- ➢ जिम्मेवार अधिकारीहरु
  - प्र.अ. श्री देवी चरण फुएँल – ९८५२६८१८६०
  - प्र.अ. श्री हरि कुमार थापा – ९८४२६३५७३४
  - ना.सु. श्री याम बहादुर तामाङ्ग – ९८५२६८१७२१
  - खरिदार श्री अर्जुन जंग सिजापती – ९८५२६८००१६
  - खरिदार श्री इन्द्रकला सुबेदी – ९८४२६३६५८०
  - क.अ. श्री सन्देश लामिछाने – ९८४४६३०३४८
- नागरिकता सम्बन्धी सेवा लिन आउने सेवाग्राहीहरुको कागज सम्बन्धित वडाबाट तयार गरी जिल्ला प्रशासन कार्यालय, इलामको Service Delivery System (daoilam1@gmail.com)मा स्क्यान गरी पठाउने र नागरिकता शाखाबाट कागजात पुगे नपुगेको एकीन गरी नपुगेको कागजात थप गरी सेवा लिन आउने म्यासेज सम्बन्धित सेवाग्राहीको मोवाइल वा वडा कार्यालयको मेलमा प्राप्त भएपछि मात्र सेवाग्राहीलाई आउने व्यवस्था मिलाइएको हुँदा सेवाग्राहीलाई दोहोरो झन्झटबाट मुक्त गराउने व्यवस्था मिलाईएको।
- स्वयम व्यक्ति सहीछाप गर्न उपस्थित हुन नपर्ने प्रकृतिका सेवाहरु आवश्यक कागजातहरु मेल मार्फत पठाउन लगाई यस कार्यालयका सम्बन्धित शाखाबाट कागजात तयार गरी मेल मार्फत नै सम्बन्धित व्यक्तिको नाजिकको ठेगानामा पठाइदिने व्यवस्था मिलाइएको।

**कोठा नं. ७**

- राहदानी शाखा– राहदानी सम्वन्धी फाराम संकलन, द्रुत राहदानी सिफारिस, राहदानी वितरण लगायत राहदानी सम्वन्धी सम्पूर्ण कार्य।

- यस अघि लिएको राहदानी हराएर पुन बनाउनु परेमा सम्बन्धित व्यक्तिले पत्रपत्रिकामा सुचना प्रकाशन गर्नु नपर्ने, यस अघि लिएको राहदानीको सम्पूर्ण विवरण कार्यालयले राहदानी विभागसँग समन्वय गरी वा कार्यालयको अभिलेखबाट खोजी सम्बन्धीत सेवा ग्राहीलाई सहज रुपमा सेवा लिने व्यवस्था मिलाइएको ।
- जिम्मेवार अधिकारीहरु
  - प्रशासकीय अधिकृत श्री देवी चरण फुएँल – ९८५२६८१८६०
  - ना.सु. श्री सुरेन्द्र सिंह ऐरी – ९८५२६३३६६४
  - क.अ. श्री गोबिन्द श्रेष्ठ – ९८४२६३५०७२

**कोठा नं. ८**

- मुद्दा शाखा –कानून बमोजिम यस कार्यालयमा दायर हुने मुद्दा, ठाडो उजुरी र हातहतियार इजाजत तथा नविकरण र जिन्सी सम्वन्धी सम्पूर्ण कार्य ।
- जिम्मेवार अधिकारीहरु
  - प्र.जि.अ. श्री ध्रुब बहादुर खड्का
  - स.प्र.जि.अ. श्री झरेन्द्र प्रसाद चापागाई
  - प्र.अ. श्री देवी चरण फुएँल – ९८५२६८१८६०
  - प्र.अ. श्री हरि कुमार थापा – ९८४२६३५७३४
  - ना.सु. श्री नित्यानन्द घिमिरे – ९८५२६८०९५३
  - ना.सु. श्री सोनी राई – ९८४४६१४१२४

**कोठा नं. ९**

- राष्ट्रिय परिचय पत्र सम्वन्धि विवरण दर्ता शाखा : राष्ट्रिय परिचय–पत्र सम्वन्धि सम्पुर्ण कार्य ।
- जिम्मेवार अधिकारीहरु
  - प्र.जि.अ. श्री ध्रुब बहादुर खड्का
  - प्र.अ. श्री देवी चरण फुएँल – ९८५२६८१८६०
  - प्र.अ. श्री हरि कुमार थापा – ९८४२६३५७३४
  - दर्ता अपरेटर श्री नुमा कार्की – ९८४१४२३०९३
  - दर्ता सहयोगी श्री सन्दिपा चम्लागाई – ९८४२७९८००१

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

| सि.नं. | प्रदान गरिने सेवाहरु | लाग्ने दस्तुर | लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | वंशजको आधारमा नेपाली नागरिकता प्रमाण–पत्र वितरण | रु.१०/– को हुलाक टिकट | कागजात पुरा भएपछि सोही दिन | |
| २ | नेपाली नागरिकताको प्रमाण–पत्रको प्रतिलिपि | रु.१३/– को हुलाक टिकट | कागजात पुरा भएपछि सोही दिन | |
| ३ | बैबाहिक अंगिकृत नागरिकताको प्रमाण–पत्र | रु.१०/– को हुलाक टिकट | कागजात पुरा भएपछि सोही दिन | |
| ४ | द्रुत राहदानी सिफारिस | दस्तुर लाग्दैन | कागजात पुरा भएपछि तुरुन्तै | |
| ५ | राहदानी फारम संकलन | (क) रु.२५००।– (१० वर्ष भन्दा कम उमेरको नाबालकको हकमा) (ख) रु५०००।– (साधारण राहदानी सिफारिस) (ग) रु१०,०००।– (हराएको, कुनै कारणले क्षती भएको) | करिब ३० देखि ३५ दिन भित्र राहदानी प्राप्त गर्न सकिने। राहदानी बनि आएको जानकारी कार्यालयको वेबसाईट, फेसबुक पेज र सम्बन्धित सेवाग्राहीको मोबाइल (एन टि सि सिम) म्यासेजमा हेर्न सकिन्छ। | |
| ६ | द्रुत राहदानी सिफारिस | रु.१०/–को हुलाक टिकट निवेदन | २ प्रति फोटो र सक्कल नागरिकता लिई आए पछि तुरुन्तै | |
| ७ | राहदानी वितरण | – | राहदानी विभागबाट प्राप्त भएको | |

| सि.नं. | प्रदान गरिने सेवाहरु | लाग्ने दस्तुर | लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|
| | | | भोलिपल्टदेखि | |
| ८ | नाबालक परिचय पत्र | रु.१०/– को हुलाक टिकट | कागजात पुरा भए पछि तुरुन्त | |
| ९ | पेन्सन सम्बन्धी सिफारिस | रु.१०/– को हुलाक टिकट | कागजात पुरा भए पछि तुरुन्त | |
| १० | आदिबासी, जनजाती, दलित र अपाङ्ग सिफारिस | रु.१०/– को हुलाक टिकट | कागजात पुरा भए पछि तुरुन्त | |
| ११ | संस्था दर्ता | रु.१०००/– | कागजात पुरा भए पछि सोही दिन | |
| १२ | संस्था नविकरण | म्याद भित्र रु.५००/– | कागजात पुरा भए पछि सोही दिन | |
| १३ | संस्था खोल्ने स्वीकृति | रु.१०/– को हुलाक टिकट | कागजात पुरा भए पछि सोही दिन | |
| १४ | पत्रपत्रिका दर्ता | –दैनिक रु.१०००/–<br>–साप्ताहिक रु५००/–<br>–पाक्षिक रु.३००/–<br>–मासिक रु. २००/– | कागजात पुरा भए पछि सोही दिन | |
| १५ | छापाखाना दर्ता | रु.१०००/– | कागजात पुरा भए पछि सोही दिन | |
| १६ | हातहतियार नामसारी | रु.१०००/– | कागजात पुरा भए पछि सोही दिन | |
| १७ | हातहतियार नविकरण | रु.१५०/– | कागजात पुरा भए पछि सोही दिन | |
| १८ | नाता प्रमाणित | रु.१०/– को हुलाक टिकट | कागजात पुरा भए पछि सोही दिन | |
| १९ | अन्य मुद्धा | रु.१०/– को हुलाक टिकट | यथाशिघ्र | |
| २० | विष्फोटक पदार्थ इजाजत पत्र | रु.१०/– को हुलाक टिकट | कागजात पुरा भए पछि यथाशिघ्र | |
| २१ | गुनासा र ठाडो उजुरी | रु.१०/– को हुलाक टिकट | यथाशिघ्र | |

## ८. निर्णय गर्ने प्रकृया र अधिकार

- प्राप्त उजुरी उपर आवश्यक छानवीन गरी प्रमुख जिल्ला अधिकारीबाट निर्णय हुने।

## ९. निर्णयउपर उजुरी सुन्ने अधिकारी

- प्रमुख जिल्ला अधिकारीको निर्णयउपर चित्त नबुझ्ने पक्षले जिल्ला अदालत, इलाममा पुनरावेदन गर्ने कानूनी व्यवस्था छ।

## १०. सम्पादन गरेको कामको विवरण

प्रगति विवरण (२०७७ माघ १ गते देखि चैत्र मसान्त सम्म)

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | नयाँ नागरिकता वितरण | २७०४ वटा |
| २ | प्रतिलिपी नागरिकता वितरण | २४६८ वटा |
| ३ | बैबाहिक अंगिकृत नागरिकता वितरण | ७ वटा |
| ४ | साधारण राहदानी फाराम संकलन भएको | १०७३ वटा |
| ५ | द्रुत राहदानी सिफारिस | १९३ वटा |
| ६ | राहदानीको राजश्व संकलन | रु५६,९५,०००।– |
| ७ | संस्था दर्ता | १ वटा |
| ८ | संस्था नविकरण | ४५ वटा |
| ९ | विधान संसोधन | २ वटा |
| १० | शाखा विस्तारको स्वीकृति | X |
| ११ | छापाखाना दर्ता | X |
| १२ | पत्रपत्रिका दर्ता | X |
| १३ | भारतीय सेनाको पेन्सन सिफारिस | ३३ वटा |
| १४ | फरक विवरण प्रमाणित | २९ ६ |
| १५ | आदिबासी, जनजाती, दलित प्रमाणित | ११५ वटा |
| १६ | नाबालक परिचय पत्र वितरण | ११ वटा |
| १७ | हातहतियार दर्ता | X |

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १८ | हातहतियार नविकरण | x |
| १९ | हातहतियार नविकरण बापत प्राप्त राजश्व | x |
| २० | राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता<br>• जि.प्र.का. बाट माघ फाल्गुन र चैत्रको जम्मा<br>• इलाम नगरपालिका टोलीबाट जम्मा<br>• माईजोगमाई गा पा टोलीबाट जम्मा<br>• सन्दकपुर गा पा मा टोलीबाट जम्मा<br>२०७७ श्रावण देखि चैत्र मसान्तसम्म जम्मा | २०९६ वटा<br>२३२१५ वटा<br>१०९५६ वटा<br>९०३३ वटा<br>४७२२७ वटा |
| २१ | नयाँ मुद्दा दर्ता | ११वटा |
| २२ | मुद्दा फस्यौट | ९ वटा |
| २३ | ठाडो उजुरी दर्ता र फछ्यौट | १४ र १० वटा |
| २४ | धरौटी बापत प्राप्त रकम रु. | रु१२७२५६।– |
| २५ | बजार अनुगमनबाट सामान जफत अन्दाजी मूल्य रु. | x |
| २६ | जम्मा विनियोजित रकम रु. | x |
| २७ | विदेशमा मृत्यु भएकाको परिवारलाई राहत वितरणका लागि प्राप्त आम्दानी रकम रु. | x |
| २८ | विदेशमा मृत्यु भएकाको परिवारलाई राहत वितरण रकम रु. | x |
| २९ | जिल्ला विपद् व्यवस्थापन कोषबाट राहत वितरण रकम रु. | रु१५०००।– |
| ३० | सवारी दुर्घटना क्षतिपूर्ती वितरण रकम रु. | x |
| ३१ | जिल्ला सुरक्षा समितिको बैठक संख्या | ६ ६ |
| ३२ | जिल्ला विपद् व्यवस्थापन समितिको बैठक संख्या | १ वटा |
| ३३ | कार्यालय प्रमखुहरुको बैठक संख्या | ३ वटा |
| ३४ | अन्य विविध विषयका बैठक संख्या | ३ वटा |
| ३५ | स्टाफ मिटिङ्ग | १ वटा |

## ११. ऐन, नियम वा विनियम वा निर्देशिकाको सूची

जिल्ला प्रशासन कार्यालयसँग सम्बन्धित ऐनहरु

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३
- अध्यागमन ऐन, २०४९
- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४
- अभिलेख संरक्षण ऐन, २०४६
- आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री बितरण नियन्त्रण ऐन, २०४९
- आयोडिनयुक्त नुन (उत्पादन तथा विक्री वितरण) ऐन, २०५५
- आर्थिक ऐन, २०६८
- आर्थिक कार्यविधि ऐन, २०५५
- आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७
- आवश्यक वस्तु संरक्षण ऐन, २०१२
- आवश्यक सेवा संचालन ऐन, २०१४
- उपभोक्ता संरक्षण ऐन, २०७५
- कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८
- कानूनी सहायता सम्बन्धी ऐन, २०५४
- कारागार ऐन, २०१९
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१
- कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२

- केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०६३
- क्षतिपूर्ति ऐन, २०१९
- खाद्य ऐन, २०२३
- गुठी संस्थान ऐन, २०३३
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६
- चन्दा ऐन, २०३०
- चलचित्र निर्माण, प्रर्दशन तथा वितरण ऐन, २०२६
- चिठ्ठा ऐन, २०२५
- छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८
- जग्गा प्राप्ति ऐन, २०३४
- जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३
- जलस्रोत ऐन, २०४९
- जातीय भेदभाव तथा छुवाछुत ) कसूर र सजाय ( ऐन, २०६८
- जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३
- ट्रेड युनियन ऐन, २०४९
- तथ्याङ्क ऐन, २०१५
- दाना पदार्थ ऐन, २०३३
- नगर विकास ऐन, २०४५
- निजामती सेवा ऐन, २०४९
- निर्माण व्यवसाय ऐन, २०४९
- निर्वाचन (कसुर र सजाय) ऐन, २०७३
- नेपाल गुणस्तर ) प्रमाण–चिन्ह ( ऐन, २०३७
- नेपाल नागरिकता ऐन, २०६३
- नेपाल पेट्रोलियम ऐन, २०४०
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५५
- प्रतिष्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३
- प्रमाण ऐन, २०३१
- प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३
- प्रहरी ऐन, २०३१
- बालबालिका सम्बन्धी ऐन, २०७५
- बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६
- बेपत्ता पारिएका ब्याक्तिको छानवीन तथा सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१
- बैङ्क तथा संस्थाको ऋण असुली ऐन, २०५८
- भन्सार ऐन, २०६४
- भ्रष्टाचार निवारण ऐन, २०५९
- मदिरा ऐन, २०३१
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४
- मानव शरीरको अङ्ग प्रत्यारोपण नियमित तथा निषेध ऐन, २०५५
- मुलुकी अपराध (संहिता) ऐन, २०७४
- मुलुकी फोजदारी कार्यविधि संहिता, २०७४
- क्षतिपूर्ती ऐन यातना सम्बन्धी, २०५३
- राष्ट्रिय निर्देशन ऐन, २०१८
- राहदानी ऐन, २०२४
- लागू औषध नियन्त्रण ऐन, २०३३
- लिखतहरुको गोप्यता सम्वन्धि ऐन, २०३९
- वातावरण संरक्षण ऐन, २०५३

- विद्युत चोरी नियन्त्रण ऐन, २०५३
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- तथा व्यवस्थापन नियमावली विपद् जोखिम न्यूनीकरण, २०७६
- विष्फोटक पदार्थ ऐन, २०१८
- बैदेशिक रोजगार ऐन, २०६४
- शिक्षा ऐन, २०२८
- श्रम ऐन, २०७४
- संक्रामक रोग ऐन, २०२०
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
- संस्था दर्ता ऐन, २०३४
- शशस्त्र प्रहरी ऐन, २०५८
- सामाजिक ब्यबहार सुधार ऐन, २०३३
- खरिद ऐन सार्वजनिक, २०६३
- सार्वजनिक सडक ऐन, २०३१
- सुशासन (ब्यबस्थापन तथा संन्चालन) ऐन, २०६४
- सूचनाको हक सम्बन्धी ऐन, २०६४
- सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८
- स्थानीय प्रशासन ऐन, २०२८
- स्थानीय सरकार संचालन ऐन, २०७४
- स्थानीय तह निर्वाचन ऐन, २०७३
- स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्वन्धि ऐन, २०६६
- हातहतियार खरखजाना ऐन, २०१९
- होटल व्यवस्था तथा मदिराको बिक्री वितरण नियन्त्रण ऐन, २०२३

**यी ऐन सँगै सम्बद् ऐनका नियमावलीहरु**

- सो अन्तर्गत वनेका बिनियम र निर्देशिकाहरु
- अधिकार प्रत्यायोजन भएका ऐनका बिषयहरु
- प्र.जि.अ.समेतले प्रतिनिधित्व गर्ने समितिहरुको बिवरणमा उल्लेखित ऐन, नियम र निर्देशिकाहरु

## १२. जिल्ला स्थित कार्यालय प्रमुख तथा सूचना अधिकारिहरुको नाम र सम्पर्क नम्बरहरु

| क्र.स | कार्यालयको नाम | पद | कार्यालय प्रमुखहरुको नाम | कार्यालय फोन नं. | मोबाइल नं. | सूचना अधिकारीको नाम | मोबाइल नम्बर |
|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | ध्रुव बहादुर खड्का | ०२७–५२०५५५, ५२०१२५ | ९८५२६०७७७७ | झरेन्द्र प्रसाद चापागाई | ९८५२६८५१९९ |
| २ | श्री उच्च अदालत विराटनगर, इलाम इजलास, इलाम | रजिष्टार | नवराज दुलाल | ५२०२४८ | ९८५२६८१८४८ | अर्जुन राई | ९८५२६८०७०९ |
| ३ | श्री जिल्ला अदालत, इलाम | श्रेस्तेदार | नरहरी ढकाल | ५२००४५ | ९८४१९४१९७५ | फणिन्द्रराज भट्टराई | ९८४२६३५०११ |
| ४ | श्री पशुपति प्रसाद गण | गणपति | प्रभात थापा | ५२१५२७ | ९८४१२९५७३१ | | |
| ५ | जिल्ला प्रहरी कार्यालय, इलाम | प्रहरी उपरीक्षक | नविनराज राई | ५२००२४ ५२०१०० | ९८५२६०५५५५ | लालध्वज सुबेदी | ९८५२६८५५३० |
| ६ | सशस्त्र प्रहरी बल इलाम गण १ | सशस्त्र प्रहरी उपरीक्षक | सुधिरजंग थापा | ५२१६७८ | ९८५१२७२२०४ | सुमन पोख्रेल | ९८५१०८८७३७ |
| ७ | रा.अ. जिल्ला कार्यालय | प्रमुख अनुसन्धान अधिकृत | पुष्प नारायण दाहाल | ५२०२४६ | ९८५२६२०२४६ | | |
| ८ | जिल्ला समन्वय समितिको कार्यालय | जिल्ला समन्वय अधिकारी | हरि बहादुर दाहाल | ५२००५२ | ९८५१२५००२२ | मणि बहादुर कोईराला | ९८५२६८५२६० |
| ९ | इलाम न.पा न.कार्यपालिकाको कार्यालय | प्रमुख प्रशासकीय अधिकृत | काली बहादुर भूजेल | | ९८५२६२४१११ | राम कुमार शाह | ९८५२६३५०५७ |
| १० | सूर्योदय न.पा न.कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | प्रकाश राज पौडेल | ५४०२१४ | ९८५२६२६१११ | सविना चौलागाई | ९८५२६८०१५० |
| ११ | देउमाई न.पा न.कार्यपालिकाको कार्यालय | प्रमुख प्रशासकीय अधिकृत | प्रेम प्रसाद दहाल | ४००००१ | ९८५११०६३०० | गोविन्द राज बास्तोला | ९८५२६८०८१६ |
| १२ | माई न.पा न.कार्यपालिकाको कार्यालय | प्रमुख प्रशासकीय अधिकृत | बिष्णु कुमार थेगुवा | ४१२२२२ | ९८५२६३९१११ | क्षेत्रनाथ शर्मा | ९८५२६३९११० |
| १३ | सन्दकपुर गा.पा गाँउ कार्यपालिकाको कार्यालय | प्रमुख प्रशासकीय अधिकृत | महेश राई | | ९८४१८९९०६३ | टिका देवी बस्नेत | ९८४२१०७५४४ |
| १४ | माईजोगमाई गा.पा गाँउ कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | भागवत प्रसाद रेग्मी | | ९८५२६८५५२१ | गोकुल सञ्जेल | ९८४२६४७१४१ |
| १५ | चुलाचुली गा.पा गाँउ कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | काजीमान राई | | ९८५११७९३१२ | तीर्थ राज खरेल | ९८४२७०५७३८ |
| १६ | फाकफोकथुम गा.पा गाँउ कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | | | | नारायण थापा मगर | ९८४४६६६२३७ |
| १७ | रोङ गा.पा गाँउ कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | प्रयास भट्टराई | | ९८५२६४२०२० | रोशन भट्टराई | ९८५२६४२०२१ |
| १८ | माङ्सेबुङ्ग गा.पा गाँउ कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | डिल्लीराम सुवेदी | | ९८५२६८५४४५ | उपेन्द्र पौडेल | ९८५२६८७७७० |
| १९ | कोष तथा लेखा नि.का. | प्रमुख कोष नियन्त्रक | भुमिराज भुषाल | ५२०७२९ | ९८५२६८०७२९ | टिकेन्द्र बहादुर थापा | ९८५२६७३९२४ |
| २० | लोक सेवा आयोग | कार्यालय प्रमुख | टामलाल पाण्डे | ५२१७५५ | ९८४७०५९६०७ | श्याम कुमार राई | ९८५१०६६७२६ |
| २१ | जिल्ला सरकारी वकिल कार्यालय | जि.न्या. वक्ता | युवराज महत | ५२०५३३ | ९८५२६८५०६४ | उपेन्द्र रिमाल | ९८४४६८६११३ |
| २२ | डिभिजन वन कार्यालय, इलाम | डि. वन अधिकृत | इन्द्रमणि भण्डारी | ५२००२७ ५२०६८७ | ९८५२६८५६१६ | याम बहादुर रुम्बा | ९८५२६८५६१७ |

| क्र.स | कार्यालयको नाम | पद | कार्यालय प्रमुखहरुको नाम | कार्यालय फोन नं. | मोबाइल नं. | सूचना अधिकारीको नाम | मोबाइल नम्बर |
|---|---|---|---|---|---|---|---|
| २३ | शिक्षा वि. तथा स. इकाई | कार्यलय प्रमुख | शम्भु थापा मगर | ५२००२९ ०४९१ | ९८५२६८०९६१ | डम्बर सुवेदी | ९८४२६३५१३० |
| २४ | जिल्ला अस्पताल इलाम | मे.सु. | डा. प्रभु शाह | ५२००४४ | ९८५२६८०१२२ | कुल प्रसाद देवान | ९८४२६२७९३१ |
| २५ | जिल्ला जन स्वास्थ्य कार्यालय | व.ज.स्वा.प्रमुख | वृज कुमार दाश | ५२०८५६ | ९८५२६८५८१९ | रिता अधिकारी | ९८५२६८१६६५ |
| २६ | बनस्पति अनुसन्धान केन्द्र | बै.अ. | चन्द्र मोहन गुर्मछाने | ५२०५६४ | ९८५२६८०५८४ | जेनी निरौला | ९८४१८९७६१८ |
| २७ | सडक डिभिजन, इलाम | डि.ई | अविनम दाम मुल्मी | ५२००४९ ५२०२९६ | ९८५११२७६७८ | विरेन्द्र यादव | ९८४२४३४९६४ |
| २८ | जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय | डि. प्रमुख | सैलेश पोखरेल | ५२००६४ | ९८५२६८०६६४ | पुरुषोत्तम शाह | ९८४२८२२७७२ |
| २९ | शहरी विकास तथा भवन नि.डि.कार्यालय | डि.इ. | रुद्र नारायण | ५२००२८ | ९८५२६८५००५ | भरत पौडेल | ९८४२८६७२७३ |
| ३० | कृषि ज्ञान केन्द्र कार्यालय इलाम | नि.का.प्र. | टोनी वर्देवा | ५२००४६ | ९८५२६८१६६८ | गणेश राई | ९८४२०७०६१४ |
| ३१ | मालपोत कार्यालय | का.प्र. | यादव राउत | ५२००२१ | ९८५२६८१७९९ | जस बहादुर राई | ९८४२६३५४६० |
| ३२ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना | का.प्र. | सुरत लाल चौधरी | | ९८५२६८५०२६<br>९८५१०९७८७४ | विकास तामाङ्ग | ९८४२७२९४२२ |
| ३३ | इलाका प्रशासन कार्यालय मंगलबारे | का.प्र. | लक्ष्मण ढुंगेल | ४०००९० | ९८५२६८१८६१ | जनन्ननाथ निरौला | ९८६२६३३५३३ |
| ३४ | सीमा प्रशासन कार्यालय पशुपतिनगर | शाखा अधिकृत का.मु. | होमनाथ पोखरेल | ५५००५५ | ९८५२६८१४५२ | लक्ष्मण तामाङ्ग | ९८६२८६०७४८ |
| ३५ | कारागार कार्यालय इलाम | का.प्र. | प्रदिप श्रेष्ठ | ५२००६९ | ९८५२६२३७७७ | मोहन राजवंशी | ९८६२९५५७६८ |
| ३६ | नापी शाखा, इलाम | प्रमुख नापी अधिकृत | सुरेश साह | ५२००६७ | ९८५२६८०३०० | प्रतिमा घिमिरे | ९८५२६८४८४ |
| ३७ | जिल्ला निर्वाचन कार्यालय | जिल्ला निर्वाचन अधिकारी | | ५२०५११ | ९८४२७७७०७ | कृष्ण बहादुर लिम्बु | ९८६२७६६७२५ |
| ३८ | यातायात ब्यवस्था सेवा कार्यालय, इलाम | का.प्र. | छविलाल खतिवडा | ५२१९९७ | ९८५२६८०१९७<br>९८५२६८०१९७ | रविन्द्र श्रेष्ठ | ९८५२६३५०३४ |
| ३९ | जिल्ला हुलाक कार्यालय | हु.अ. | जुवालदाश राई | ५२००५० | ९८५२६८०६०५ | गणेश प्रसाद घिमिरे | ९८४४६१६६१९ |
| ४० | घरेलु तथा सा.उ. कार्यालय | प्रमुख अधिकृत | पदम कटेल | ५२००२३ | ९८५२६८५०२३ | युवराज घोर्साइ | ९८५२६८५००८ |
| ४१ | इलाम जलविद्युत केन्द्र | का.प्र. | प्रलाद राउत | ५२०३५१ ५२१३१२ | ९८५२६२०३५१ | दिल कुमार मानन्धर | ९८४०९८४२४३ |
| ४२ | वागवानी केन्द्र, जौबारी, इलाम | निमित्त का.प्र. | गणेश खत्री | | ९८५२६८५५०१ | बाल मुकुन्द वैकरा | ९८१६०२३३२४ |
| ४३ | अलैंची विकास केन्द्र फिक्कल पान्दाम | केन्द्र प्रमुख नि. | भीष्मकान्त घिमिरे | ५४०१३२ | ९८५२६८०९६७<br>९८४१२६५९०६ | देवेन्द्र साहु | ९८४२६७२८६८ |
| ४४ | कृषि अनुसन्धान केन्द्र जौवारी | अनुसन्धान अधिकृत | जनार्दन गौतम | ५४०५३९ | ९८५२६००५१५ | सुरेन्द्र यादव | ९८४२०७०६७५ |
| ४५ | मालपोत कार्यालय मंगलबारे | का.प्र. | मन चन्द्र धराला | ४००१४५ | ९८५२६८४१४५ | चित्र गुप्त खतिवडा | ९८४९७१५००७ |
| ४६ | चिया विस्तार योजना पानीटार | का.प्र. | विजय कुमार मिश्र | | ९८५२६०३२८८ | | |
| ४७ | मेची आर्युवेद औषधालय, आइतबारे | का.प्र. | डा बिजय श्रेष्ठ | ५५५०१७ | ९८५२६४०१७८ | तीर्थराज आचार्य | ९८५११७७५३२ |

| क्र.स | कार्यालयको नाम | पद | कार्यालय प्रमुखहरुको नाम | कार्यालय फोन नं. | मोबाइल नं. | सूचना अधिकारीको नाम | मोबाइल नम्बर |
|---|---|---|---|---|---|---|---|
| ४८ | पशुपतिनगर भन्सार कार्यालय | नि. भन्सार अधिकृत | युगल किशोर गौतम | ५५०००४ | ९८५२६८०३०४ | | |
| ४९ | करदाता सेवा कार्यालय | कर अधिकृत | प्रकाश राई | ५२०११२–५२ | ९८५२६८०४९५ | तुलसा देवी दहाल | ९८४१११२९६७ |
| ५० | नेपाल वैंक लि. | प्रवन्धक | गौतम राई | | | अम्बिका निरौला | ९८४१६९८९४३ |
| ५१ | राष्ट्रिय वाणिज्य वैंक | शाखा प्रवन्धक | लाक्पा दिकी शेर्पा | ५२०५७२ | ९८५२६८०९३३ | लाक्पा दिकी शेर्पा | ९८५२६८०९३३ |
| ५२ | नेपाल दुर संचार संस्थान | का.प्र. | संजीव घिमिरे | ५२०४४४ | ९८५११०५००७ | भिम बहादुर कटुवाल | ९८५२०२४७२२ |
| ५३ | नेपाल विद्युत प्राधिकरण | प्रवन्धक | पंकज कुमार गोहत | | ९८५२६२००५४ | ओम निरौला | ९८६२१९५७८७ |
| ५४ | खेलकुद विकास समिति | का.प्र. | नारायण भट्टराई | ५२१८४९ | ९८५२६२७१६४ | नर बहादुर खवास | ९८४२६७०००२ |
| ५५ | कृषि सामाग्री क. लि | का.प्र. | नरोज दाहाल | | ९८४११५८४९२ | नरोज दाहाल | ९८४११५८४९२ |
| ५६ | कृषि विकास बैंक | का.प्र. | रञ्जन खनाल | | ९८६२७७०३७७ | रमेश चेम्जोङ्ग | ९८६२७२६६२८ |
| ५७ | अध्यागमन कार्यालय पशुपतिनगर | का.प्र. | जनक कोइराला | | ९८५१०६०४०६ | जनक कोइराला | ९८५१०६०४०६ |
| ५८ | नापी कार्यालय मंगलबारे | का.प्र. | टिकाराम सुनुवार | ४००१४३ | ९८४९५५५९५७ | प्रवीण कुमार झा | ९८४२५०७३७९ |
| ५९ | प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना | का.प्र. | जीवलाल लम्साल | | ९८५१२२३६४८ | लप्नारायण शाह | ९७४१०५६७५२ |
| ६० | भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र, इलाम | का.प्र. | डा सन्जय ढुंगाना | ५२००४३ | ९८४२३३१६२० | डिक बहादुर कार्की | ९८४२६६३४४३ |
| ६१ | रत्न कुमार बान्तवा पोलिटेक्निक इन्स्टिच्यूट साखेजुङ | का.प्र. | दिपक खनाल | | ९८५२६८०५१८ | कौशिला राई | ९८४२६३६०३२ |
| ६२ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, पाँचथर, सम्पर्क कार्यालय, इलाम | का.प्र. | देव नाथ सिंह | | ९८५२६८१३१० | राजलाल मण्डल | ९८५२६२०११० |
| ६३ | चिया बिस्तार आयोजना जसविरे, इलाम | का.प्र. | फुलमाया आङवो | | ९८४२६३७२३५ | | |
| ६४ | चिया बिस्तार आयोजना फिक्कल, इलाम | का.प्र. | इन्द्र अधिकारी | | ९८४२७३२५४३ | | |
| ६५ | ईन्टिग्रेटेड मेन्टिनेन्स युनिट, इलाम | का.प्र. | सुरेन्द्र खड्का | | ९८५११७०४७२ | | |
| ६६ | काबेली कोरिडोर १३२ केभी प्रशारण आयोजना, सेतुवाबेशी, ईलाम | का.प्र. | दिपेन्द्र राज दिवेदी | | ९८५१०७०६२८ | सुसान्त ठाकुर | ९८४९६३६४१९ |

## १३. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण

२०७७ माघ १ गतेदेखि २०७७ चैत्र मसान्त सम्मको
आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

| वजेट शिर्षक | यस आवाको विनियोजित वजेट | यस त्रैमासिकको आम्दानी (निकासा) | यस त्रैमासिकको जम्मा खर्च |
|---|---|---|---|
| चालु तर्फ | रु१,६६,९९,०००।– | रु३३,८९,६५४।– | रु३३,८९,६५४।– |
| पूँजीगत तर्फ | रु११,००,०००।– | रु५,८४,२३१।– | रु५,८४,२३१।– |
| **जम्मा** | **रु१,७७,९९,०००।–** | **रु३९,७३,८८५।–** | **रु३९,७३,८८५।–** |

## १४. तोकिए बमोजिमका अन्य विवरण

- जिल्ला स्थित अन्य कार्यालयहरुलाई कानून बमोजिम गर्ने भनि नतोकिएका नेपाल सरकारका अन्य कार्यहरु यस कार्यालयबाट सम्पादन गर्ने ।

## १५. यस अवधिमा कुनै पनि कार्यक्रम वा आयोजना सञ्चालन भए/नभएको : नभएको।

## १६. यस कार्यालयको वेबसाइट


**www.daoilam.moha.gov.np**

## १७. यस अवधिमा कुनै प्रकारको सूचना परियोजना, बैदेशिक सहायता, ऋण वा अनुदान प्राप्त भए नभएको : नभएको।

## १८. यस अवधिमा कुनै पनि कार्यक्रम स्वीकृत भए/नभएको : नभएको।

## १९. कार्यालयले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली : वर्गिकरण तथा संरक्षण नगरिएको।

## २०. कार्यालयमा परेको सूचनाको माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय : हेल्लो सरकारको टिकट न HS WEB 9744 मा निवेदन परेको बिषयमा निवेदकलाई जानकारी गराईएको।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेलो सरकार


टिकट नम्बर: HS-WEB-9744

मिति: 2077-11-10

श्री,
जिल्ला प्रशासन कार्यालय, इलाम,
इलाम नगरपालिका


विषय : पब्लिक गुनासो (गुनासोको प्रकार : स्थानीय तह सम्बन्धी गुनासो)

| | |
|---|---|
| टिकट नम्बर | HS-WEB-9744 |
| मिति/समय | 3 weeks ago |
| फारम | स्थानीय तह सम्बन्धी गुनासो |
| गुनासोकर्ता नाम | PRADIP BOHORA (9852685924) |
| गुनासोको प्रकृती | अन्य |
| समस्या सिर्जनाकर्ताको नाम | Maap danda biparit Uddham tatha bebasaya sanchalan |
| समस्या सिर्जनाकर्ताको ठेगाना | 7,8,9 - 7,8,9 , इलाम नगरपालिका, इलाम, प्रदेश नं. 1 |
| गुनासो/उजुरीको विस्तृत विवरण | Gair aabasiyaa Bharatiya Nagrik le abewasthit rupma sadak ka kinarama garage sanchalan, kar ko dayara naayako, gharelu ma navhayako, istiniya nikayale chhan bin naganyako, Sadak ko vhag aatikraman gari tahara |



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाम

विषयः स्थानीय तह सम्बन्धी पब्लिक गुनासो सम्बन्धमा ।



"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"
पर्यटकीय नगर इलाम
इलाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भानुपथ, इलाम
Ilam Municipality
Office of the Municipal Executive
Green Ilam
१ नं. प्रदेश, नेपाल

प.सं. : प्र.शा.। ।०७७।०७८
च.नं. २५४६

मिति:-२०७७।११।१४

विषय : हेलो सरकारको टिकट नम्बर HS WEB 9744 मिति २०७७।११।१० को गुनासो सम्बन्धमा।


श्री जिल्ला प्रशासन कार्यालय
इलाम ।

तहाँको च.नं. २६३७ मिति २०७७।११।११ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेलो सरकारको टिकट नम्बर HS WEB 9744 मिति २०७७।११।१० को गुनासो सम्बन्धमा सत्यतथ्य बुझ्नका लागि यस कार्यालयमा नगर प्रहरी टोली खटाइएको र सो टोलीबाट प्राप्त प्रतिवेदन समेतका आधारमा तत्सम्बन्धी व्यहोरा निम्नानुसार भएको हुँदा गुनासो फछ्यौटका लागि पठाई दिन हुन अनुरोध छ।

निम्न :

१. इलाम नगरपालिका वडा नं. ७, ८, ९ को क्षेत्र भित्र मापदण्ड विपरीत उद्यम तथा व्यवसाय सन्चालन गरेको सन्दर्भमा अधिकांश उद्यम तथा व्यवसाय मापदण्ड अनुसार नै सन्चालन भइरहेको र व्यवसाय करको दायरा बाहिर रहेका उद्यमी तथा व्यवसायीलाई दायरामा ल्याउने नियमित प्रक्रिया जारी रहेको र दायरा बाहिर रहेकालाई दायरामा ल्याउन सचेतना, आग्रह अनुरोध लगायत न.पा. बाट प्रवाह हुने सेवा सुविधा रोक्का, चेतावनी कारबाही समेतको कार्य भइरहेको । व्यवसाय करको दायरा बाहिर रहेका व्यवसायीलाई दायरामा ल्याउन करदाता सेवा कार्यालयसँग समेत समन्वय भइरहेको ।
२. भारतीय नागरिकहरुले व्यवसाय दर्ता नगरी सडक किनारामा ग्यारेज सन्चालन गरेको सम्बन्धमा राजमार्गको दायाँबायाँ सडक अधिकार क्षेत्र भित्र कसैलाई पनि व्यवसाय गर्ने अनुमति नदिइएको अवस्था रहेको र सडक अधिकार क्षेत्र बाहिर मात्र ग्यारेज सन्चालनका लागि व्यवसाय दर्ता गरी अनुमती दिइएको, सडक अधिकार क्षेत्रभित्रका गैरकानुनी टहरा/संरचना हटाउनका लागि डिभिजन सडक कार्यालयलाई पटक पटक अनुरोध गरिएको र संयुक्त प्रयासबाट सडक अधिकार क्षेत्र खुला गराउन नगरपालिका प्रतिबद्ध रहेको ।
३. सडक अधिकार क्षेत्र अतिक्रमण गरी टहरा निर्माण गर्नेहरुलाई कानुनी कारबाही भइरहेको र सो कार्यका लागि स्थानीय प्रशासन, सडक डिभिजन कार्यालयसँग सहकार्य तथा समन्वय भइरहेको, सडकका सेन्यवर्कर सुपरभाइजरमार्फत सूचना प्रवाह गरी नियन्त्रणको प्रक्रियामा रहेको ।
४. उल्लिखित गैरकानुनी विकृति विसङ्गतिहरुलाई निराकरण गर्नका लागि नगरपालिकाबाट नियमित रुपमा छानबिन, नगर प्रहरी टोली परिचालन, स्थानीय प्रहरी प्रशासनसँग समन्वय, प्रत्येक हप्ता नगर प्रहरी डेस्कको समन्वय बैठक भई कार्ययोजना तयार गरी कार्यसम्पादन गर्ने कार्य भइरहेको ।

बोधार्थ :-
श्री जिल्ला समन्वय समितिको कार्यालय, इलाम ।
श्री डिभिजन सडक कार्यालय, इलाम ।
श्री जिल्ला प्रहरी कार्यालय, इलाम ।
श्री जिल्ला ट्राफिक प्रहरी कार्यालय, इलाम ।
श्री पूर्वाधार विकास महाशाखा, नगर कार्यपालिकाको कार्यालय, इलाम ।
श्री राजस्व प्रशासन शाखा, नगर कार्यपालिकाको कार्यालय इलाम ।
श्री नक्सापास शाखा, नगर कार्यपालिकाको कार्यालय, इलाम ।
श्री नगर प्रहरी डेस्क, नगर कार्यपालिकाको कार्यालय



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाम

मिति: २०७७/११/१६

पत्रसंख्या- ०७७/७८
चलानी नम्बर २६६८

विषय: जानकारी पठाईएको सम्बन्धमा ।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
हेलो सरकार कक्ष,
सिंहदरबार, काठमाण्डौं।

उपरोक्त विषयमा तहाँको टिकट नम्बर HS-WEB 9744 मिति २०७७/११/१० गतेको प्राप्त स्थानीय तहसँग सम्बन्धित पब्लिक गुनासो सम्बन्धमा यस कार्यालयबाट बुझ्दा गुनासो कर्ताको उजुरी अनुसार भएको नपाईएको साथै यस कार्यालयको च.नं. २६३७ मिति २०७७/११/११ गतेको प्राप्त पत्रबाट सम्बन्धित स्थानीय तहलाई सत्य, तथ्य बुझि जानकारी पठाईदिनुहुन भनी लेखिएको पत्रको सम्बन्धमा इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय, इलामको च.नं. २५४६ मिति २०७७/११/१४ गतेको प्राप्त पत्रको छायाकपि थान-१ यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा सादर अनुरोध छ ।

(देवी चरण कुइँकेल)
प्रशासकीय अधिकृत
सूचना तथा गुनासो सुन्ने अधिकारी
जिल्ला प्रशासन कार्यालय, इलाम

**२१ . यस अवधिमा इलाम जिल्लामा सेवा प्रवाह गर्ने ़सार्वजनिक निकायहरुको स्थिति विवरण २०७७ प्रकाशन गरिएको।**

**२२ . कानूनले गोप्य राख्नु पर्ने बाहेकका सुचनाहरु नागरिक र विभिन्न निकायहरुले माग गरेको बखत प्रदान गर्ने गरिएको।**

**झरेन्द्र प्रसाद चापागाई**
**सूचना अधिकारी एव**
**सहायक प्रमुख जिल्ला अधिकारी**